**जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल**
**हुलाक मन्जुषा २१२५,**
**६० न्यूप्लाजा, पुतलीसडक, काठमाडौं** केन्द्रीय समिति
**फोनः ४४२९७४१ फ्याक्सः ४४१९६१०**
**इमेलः wafed@ntc.net.np वेवसाइटः wafed-nepal.org**

प्रेस विज्ञप्ति

२०६४ पौष १६ गते (३१ डिसेम्वर २००७)

**अरुण ३ तथा माथिल्लो कर्णाली आयोजनासम्बन्धी सरकारको पछिल्लो निर्णयप्रति घोर आपत्ति !**

जलविद्युत् परियोजना सम्बन्धमा व्यवस्थापिका संसद प्राकृतिक स्रोत साधन समितिको २०६४ स ाउन १ को निर्णयअनुसार माथिल्लो कर्णाली र अरुण ३ परियोजनाको हकमा लगानीकर्तालाई निर्माण गर्न दिइँदा एउटा कम्पनी वा लगानीकर्तालाई एउटैमात्र आयोजना निर्माण गर्न दिने भनी जलस्रोत मन्त्रालयलाई दिएको निर्देशन तथा जनआन्दोलन २०६२-६३ को भावना एवं मर्मविपरीत मन्त्रिपरिषदको २०६४ पौष १५ गतेको बैठकले माथिल्लो कर्णाली तथा अरुण ३ दुवै जलविद्युत् परियोजनाहरू भारतीय कम्पनी जीएमआरलाई दिने भन्ने निर्णयप्रति यस महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

देश यतिबेला संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको र पुरानो राज्यव्यवस्था नयाँ पुनसंरचना एवं परिवर्तनको पर्खाइमा रहेको तथा जनआन्दोलन २०६२-६३ पछि जनताले ऐतिहासिक संविधानसभाको निर्वाचन, गणतन्त्रको स्थापना र स्थायी शान्ति कायम गर्ने जिम्मा मात्र पाएको पठाएको अन्तरिम सरकारले व्यापक, दीर्धकालीन र गम्भीर प्रकृतिका तथा विगतदेखि नै विवाद भेन्दै आएका अरुण ३ तथा माथिल्लो कर्णाली आयोजनाहरू आमराजनीतिक दलहरूको सहमति, स्थानीय बासिन्दाको स्वीकृती तथा संघीय शासनप्रणालीमा जाने भन्ने सरकारको पछिल्लो निर्णयविपरीत राज्य पुर्नसरचना पूर्व नै विदेशी कम्पनीलाई केही बिजुली पाउने नाममा दिन लागेको भन्ने निर्णयप्रति यो महासंघ गम्भीर आपत्ति प्रकट गर्दछ ।

दीर्धकालीन, गम्भीर र व्यापक असर पार्ने माथिल्लो कर्णाली तथा अरुण ३, पश्चिम सेती, बुढीगण्डकी, पूर्णागिरी-पंचेश्वर, सप्तकोशी, माथिल्लो तामाकोशी, माथिल्लो त्रिशुली, माथिल्लो मर्स्याग्दीलगायतका कुनै पनि आयोजनासम्बन्धी निर्णय संविधानसभाको निर्वाचन सम्पन्न भइसकेपछि स्थानीय जनताको स्वीकृति, आम राजनीतिक दलहरूको सहमति व्यापक वहस र छलफलपछि जननिर्वाचित सरकारबाट टुङ्गो लगाउन र अरुण ३ र माथिल्लो कर्णालीसम्बन्धी भारतीय कम्पनी जीएमआरलाई दिने भन्ने निर्णय फिर्ता लिनसमेत यो महासंघ नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

नयाँ नेपालको निर्माणका तथा सम्वृद्धिको आधार रहेको जलसम्पदा आमनेपाली जनताको प्रत्यक्ष अभिमत नभएको र कुनै पनि दीर्घकालीन आयोजनासम्बन्धमा निर्णयगर्ने हैषियत नभएकोले वर्तमान कामचलाउन अन्तरिम सरकारले एकपछि अर्को गर्दै संक्रमणकालीन अवस्थामै अरुण ३ तथा माथिल्लो कर्णालीजस्ता आयोजनाहरू विदेशी कम्पनीहरूलाई दिने भन्ने निर्णय उही कोशी, गण्डक र महाकालीको पुनरावृति मात्र भएकोले सचेत आमनेपाली जनताहरूले यस सरकारी निर्णयका विरुद्ध आवाज उठाउनसमेत यो महासंघ हार्दिक अनुरोध गर्दछ ।

रतन भण्डारी अभियान संयोजक